# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति :२०७७।११।१४ गते)

एकिकृत जलश्रोत व्यवस्थापन कार्यक्रमको आर्थिक सहयोगमा कर्णाली प्रदेशको जाजरकोट, कालिकोट, दैलेख, सुर्खेत तथा सुदुर पश्चिम प्रदेशको अछाम जिल्लाहरुमा स्थानिय साझेदार संस्थाहरुद्धारा एकिकृत जलश्रोत व्यवस्थापन कार्यक्रम संचालन गरिरहेका तपशिल वमोजिमका साझेदार संस्थाहरुलाई खानेपानी तथा सरसफाई योजना कार्यान्वयनमा प्राविधिक सहयोग उपलब्ध गराउन साझेदार संस्थाबाट नियुक्त हुने गरि ५ जना प्राविधिक निरीक्षकहरु **(Technical Supervisor)** को आवश्यकता भएकोले तपशिलमा उल्लेखित पदहरुमा योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

**पद : प्राविधिक निरीक्षक** (Technical Supervisor) **जम्मा माग पद संख्या : ५**

| पद | साझेदार संस्था | संख्या | कार्यक्षेत्र |
|---|---|---|---|
| प्राविधिक निरीक्षक | पहाडी क्षेत्र विकास अभियान (**एच.आर.डी.सी.**) जाजरकोट | १ | शिवालय गा.पा. र छेडागाड न.पा. |
| प्राविधिक निरीक्षक | मानव अधिकार तथा वातावरण विकास केन्द्र (**हुरेन्डेक**) कालिकोट | १ | नरहरीनाथ गा.पा., शुभकालिका गा.पा, खाडाचक्र न.पा र रास्कोट न.पा. |
| प्राविधिक निरीक्षक | सामाजिक सेवा केन्द्र (**सोसेक**) दैलेख | १ | दुल्लु न.पा र डुंगेश्वर गा.पा. |
| प्राविधिक निरीक्षक | समाज जागरण केन्द्र (**स्याक नेपाल**) सुर्खेत | १ | सिम्ता गा.पा र लेकवेंशी न.पा. |
| प्राविधिक निरीक्षक | ग्रामिण विकास केन्द्र (**रुडेक**) अछाम | १ | कमलवजार न.पा. |

**मूल्य जिम्मेवारी** : गाँउ तथा नगरपालिकामा संचालन हुने विभिन्न प्रकारका खानेपानी तथा पूर्ण सरसफाई योजना र अन्य पानीसंग सम्बन्धित योजनाहरुको सर्भे तथा डिजाइन इस्टिमेट तयार गर्ने, खानेपानी तथा सरसफाइ योजनाहरुको निर्माण चरण र निर्माण पश्चातका चरणमा गर्नुपर्ने विभिन्न क्रियाकलापहरु सम्पन्न गर्न उपभोक्ता समिति तथा गाउ तथा नगरपालिकालाई सहजिकरण गर्ने र निर्माणाधिन योजनाहरुको नियमित निर्माण सुपरीवेक्षण गरी गुणस्तर कायम गर्ने साथसाथै फिल्डमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई निर्माण कार्य सम्पन्न गर्न सहजिकरण तथा सहयोग गर्ने ।

**योग्यता तथा अनुभव :**

- प्राविधिक निरीक्षकका लागि मान्यता प्राप्त प्राविधिक शिक्षालयवाट सिभिल ईन्जिनियरिङ विषयमा डिप्लोमा पास गरी खानेपानी तथा सरसफाई क्षेत्रमा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको ।
- खानेपानी तथा सरसफाइ योजनाहरुको सर्भेक्षण, डिजाइन तथा लागत इष्टिमेट तयार गर्न सक्ने ।
- Computer सम्बन्धी ज्ञान भएको र खास गरी excel , word र खानेपानी योजना सम्वन्धी डिजाइन तथा लागत इस्टिमेट सप्टवयर मा दखल भएको ।
- सर्भे उपकरणहरु (GPS, Abney level, Auto level, Smart phone) प्रयोग गर्न सक्ने ।
- समुदाय, उपभोक्ता समिति र संस्थासंग इमान्दारिता र पारदर्शिता प्रदर्शन गर्न सक्षम र लैङ्गिक तथा समावेशीका सवालमा सचेत भएको ।
- तोकिएको कार्यविवरण अनुसार सम्बन्धित कार्यक्षेत्रमा नै रही कार्य गर्न इच्छुक ।

**दरखास्त दिने विधि:**

आफुले काम गर्न चाहेको जिल्ला समेत उल्लेख गरिएको निवेदन र व्यक्तिगत बिवरण सहित ईमेल ठेगाना **vacancy.ts2021@gmail.com** मा **२०७७ फागुन २३ गते आइतवार साँझ ५:०० बजे सम्म** दरखास्त दिन सकिनेछ । यसरी दरखास्त दिदा बायोडाटामा सन्दर्भ व्यक्तिहरुको (Reference) नाम, सम्पर्क नम्बर, आफ्नो इमेल र सम्पर्क नं. समावेश गर्नुपर्नेछ । म्याद नाघी आएका वा रित पुरा नगरेका निवेदनहरु थप छनौट प्रकियामा समावेश गरिने छैनन् र संयुक्त भर्ना समितिले पूर्ण वा आशिंक कुनै पनि आवेदन विना शर्त स्वीकृत गर्ने वा नगर्ने अधिकार आफूमा निहित गर्दछ ।

प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित तथा मौखिक छनौट प्रकियामा समावेश गरिनेछ ।

कार्यक्रमले सकारात्मक विभेदिकरण नीति अवलम्बन गर्ने भएकोले महिला, दलित, जनजाति, सीमान्तकृत तथा स्थानीयलाई प्राथमिकता दिईनेछ ।

**संयुक्त भर्ना समिति**

**एच.आर.डि.सी जाजरकोट, हुरेन्डेक कालिकोट, सोसेक दैलेख, स्याक नेपाल सुर्खेत र रुडेक अछाम**